# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०३।२२ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सरकारी सार्वजनिक सम्पत्ति हानिनोक्सानी र राजस्व चुहावट गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०८०।०३।२२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता
भोला दाहाल

देहायः

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | कहरसिंह नेपाली (वि.अ. को मु.नं. ०७६-CR-०२३९, वि.अ. को फैसला मिति २०७९।१०।२४) | **नक्कली विल भरपाई बनाई सरकारी रकम हिनामिना गरेको।** | प्रतिवादी कहरसिंह नेपालीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर अपराधमा विगो रु. २,१६,५००/-(अक्षरुपी दुई लाख सोह्र हजार पाँच सय) कायम गरी सोही ऐनको दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) खण्ड (घ) बमोजिम सजाय गरी हानिनोक्सानी गरेको विगो रकम रु २,१६,५००/-(अक्षरुपी दुई लाख सोह्र हजार पाँच सय) सोही ऐन को दफा १७ बमोजिम असुलउपर हुन मागदावी लिइएको। | <u>फैसलाः</u><br><br>प्रतिवादी कहरसिंह नेपालीले साजगोठेरी सामुदायिक वन उपभोक्ता समूहको जम्मा रु.४२,०००।—(बयालीस हजार) रकम हिनामिना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको देखिँदा प्रतिवादीलाई सोही ऐनको दफा १७ र दफा ३(१)(ख) बमोजिम कसूरको मात्रा अनुसार तीन महिना कैद र विगो रु.४२,०००।— जरिवाना हुने र प्रतिवादीबाट असुल उपर हुने ठहर्छ। वादीको अन्य आरोपदावी पुग्न सक्दैन<br><br><u>विशेष अदालतले सफाई दिंदा लिएका आधारः</u><br><br>क) सामुदायिक वन उपभोक्ता समूहका उपाध्यक्ष देवीसरा बुढाले भरपाईमा उल्लिखित रु.१३,८००।–मध्ये रु.३०००।– मात्र पाएको भनी अनुसन्धानमा कागज गरेतापनि निजल अदालतमा उपस्थित भई बकपत्र गरेको नदेखिदा निजको उक्त भनाई प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा ग्राह्य हुने देखिएन ।<br>ख) वन हेरालु सहवीर दमाईले रु.१४५,०००।– मध्ये रु.८५,०००।– मात्र बुझेको, अर्का वन हेरालु वीर वहादुर खत्रीले भरपाईमा रु.३०,०००।– उल्लेख भएतापनि रु.२२,०००।– मात्र बुझेको र नास्ता पसल धनी झकबहादुर बुढाले भरपाईमा उल्लेखित रु.१५,०००।–मध्ये जम्मा रु.६०००।–मात्र बुझेको भनी अदालतमा बकपत्र देखियो । निजहरुले भरपाइमा भएको सहिछाप आफ्नो हो र केही रकम बुझेको भनी स्वीकार | • प्रस्तुत मुद्दामा वन हेरालु सहविर दमाईलाई मिति २०७४/६/११ गते रु. १,१०,०००/- (अक्षरुपी एक लाख दश हजार मात्र) र मिति २०७४/१२/०३ गते रु. ३५,०००/- (अक्षरुपी पैतिस हजार मात्र) बुझाएको देखिन्छ । प्रस्तुत उजुरीको छानविनको सिलसिलामा आयोगबाट खटिई गएको स्थलगत टोलीले गरेको मुचुल्का कागजमा वन हेरालु सहवीर दमाईले मिति २०७५/१२/२० गते गरेको मुचुल्का कागज अनुसार मिति २०७४/६/११ र मिति २०७४/१२/३ को भरपाइ देखाउदा निज वन हेरालु सहवीर दमाईले हस्ताक्षर गर्न पनि जान्दिन र भरपाइमा भएको हस्ताक्षर मेरो होइन र मैले वन हेरालुको तलब बापत रु. ८५,०००/- मात्र पाएको हो भनी अनुसन्धानमा कागज गरेकोमा अदालतमा बकपत्र गर्दा स.ज.७ मा मैले वन हेरालु चौकिदारको काम ३ वर्ष गरेको हो, उक्त रकम बुझेको भर्पाईमा भएको सहिछाप मेरो होईन भनी बकपत्र गरेको प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ वमोजिम प्रमाणमा लिई विगो कायम गर्नु पर्नेमा सो नगरी निजहरुले भरपाइमा भएको सहिछाप आफ्नो हो र केही रकम बुझेको भनी स्वीकार गरिसकेपछि भरपाइमा उल्लिखित सबै रकम नबुझि आंशिक रकम मात्र बुझेको भन्ने भनाई मनासिब देखिएन भनी सहविर दमाईले भन्दै नभनेको व्यहोरालाई प्रमाणमा लिई विगो कम कायम गरी भएको फैसला प्रमाण मुल्याङ्कनको रोहमा त्रुटिपूर्ण भई बदर भागी छ ।<br>• वन उपभोक्ता समितिले वन हेरालु वीरबहादुर खत्रीसँग मिति २०७४/११/०३ मा गरिएको भरपाइमा उल्लेखित रु.३०,०००/- रकम पाए नपाएको सम्बन्धमा सोधनी हुँदा निजले उक्त भरपाइमा उल्लेखित रकम नपाएको तर २०७४ मंसिर महिनामा रु. २२,०००/- पाएको र उक्त भरपाइमा भएको दस्तखत समेत आफ्नो नभएको भनि मुचुल्का कागजबाट देखिएको र भिडियो कन्फरेन्सवाट भएको बकपत्रमा अनुसन्धानको क्रममा भएको कागज मुचुल्कामा भएको व्यहोरा र सहिछाप मेरो हो भनी बकपत्र गरेको अवस्थामा उक्त प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ वमोजिम प्रमाणमा लिई विगो कायम गर्नु पर्नेमा सो नगरी निजहरुले भरपाइमा भएको सहिछाप आफ्नो हो र केही रकम बुझेको भनी स्वीकार गरिसकेपछि भरपाइमा उल्लिखित सबै रकम नबुझि आंशिक रकम मात्र बुझेको भन्ने भनाई मनासिब देखिएन भनी वीरबहादुर खत्रीले भन्दै नभनेको व्यहोरालाई प्रमाणमा लिई विगो कम कायम गरी भएको फैसला प्रमाण मुल्याङ्कनको रोहमा त्रुटिपूर्ण भई बदर भागी छ ।<br>• मिति २०७६/०४/१३ गते झकबहादुर बुढासँग उक्त वन समूहका तर्फबाट मित २०७४/०६/११ गते रु. १५,०००/- लिइ सहि छाप गरेको र भरपाइमा भएको दस्तखत स्वयंको भए नभएको भनि सोधनी गर्दा निज झकबहादुर बुढाले उक्त भरपाइमा उल्लेख भएको रकम नपाएको र २०७४ सालतिर खाना नास्ता खुवाए बापत रु. |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गरिसकेपछि भरपाइमा उल्लिखित सबै रकम नबुझि आंशिक रकम मात्र बुझेको भन्ने भनाई मनासिब देखिएन । यस्तै वन चौकी निर्माणकर्ता सम्पत्ते वादीले बिल भरपाइमा उल्लिखित रु.२३,०००।– मध्ये रु.१५,०००।–मात्र बुझेको भनी अनुसन्धानमा कागज गरेतापनि निजले भरपाइमा उल्लिखित सबै रकम पाएको भनी अदालतमा बकपत्र गरेको देखिदा निजको अनुसन्धानको कागज खण्डित भएको देखिई निजले भरपाइमा उल्लिखित रु.२३,०००।–नै बुझेको पुष्टि हुन आयो।<br>ग) साजगोठेरी सामुदायिक वनले खर्च देखाएको मनकामना होटल एण्ड लजको नाउँको खाजा नास्ता वापतको रु.४३,०००।– बिल भरपाइमा भएको दस्तखत मेरो र परिवारको होइन भनी उक्त होटलका सञ्चालक लोकेन्द्रराज रानाले अनुसन्धानमा बयान गरेतापनि उक्त बिल आफ्नो होटलको होइन भनि निजले जिकिर लिन सकेको देखिदैन । अर्कोतर्फ निजले अदालतमा उपस्थित भई बकपत्र नगरेकोले निजको अनुसन्धानको भनाई प्रमाणमा ग्राह्य हुने देखिएन।<br>घ) वन उपभोक्ता समुहका सहसचिव तेजबहादुर डाँगी, कोषाध्यक्ष धनबहादुर थापा र सदस्य देवीसरा जिसीले वन समूहका तर्फवाट कुनै रकम नपाएको र भरपाईमा भएको सहिछाप आफ्नो होइन भनी अनुसन्धानमा वयान गरेतापनि निजहरुले अदालतमा उपस्थित भई बकपत्र गरेको नदेखिदा निजहरुको अनुसन्धानको भनाइ प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्राह्य हुने देखिएन।<br>ङ) प्रतिवादीले आरोपदावीमा उल्लिखित सबै रु.२१६,५००।– हानी नोक्सनी गरेको | ९,०००/- बुझि लिएको हुँ । साथै, देखाइएको भरपाइमा भएको दस्तखत समेत आफ्नो नभएको भनी गरेको मुचुल्का कागजमा उल्लेख गरिएको देखिएको अवस्थामा अदालतमा बकपत्र गर्दा स.ज ७ मा वन समितिका पदाधिकारी र सदस्यहरुलाई भात खुवाएको र नास्ता खुवाए वापत रु.९०००।– रकम बुझेको हो, रु.१५,०००।– रकम बुझेको भर्पाईमा भएको सहिछाप मेरो होईन भनी बकपत्र गरेको प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ वमोजिम प्रमाणमा लिई विगो कायम गर्नु पर्नेमा सो नगरी निजहरुले भरपाइमा भएको सहिछाप आफ्नो हो र केही रकम बुझेको भनी स्वीकार गरिसकेपछि भरपाइमा उल्लिखित सबै रकम नबुझि आंशिक रकम मात्र बुझेको भन्ने भनाई मनासिब देखिएन भनी झक वहादुर बुढाले भन्दै नभनेको व्यहोरालाई प्रमाणमा लिई विगो कम कायम गरी भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा त्रुटिपूर्ण भई बदर भागी छ ।<br>• वन चौकी निर्माणकर्ता सम्पत्ते वादीले बिल भरपाइमा उल्लिखित रु.२३,०००।– मध्ये रु.१५,०००।– मात्र बुझेको भनी अनुसन्धानमा कागज गरेतापनि निजले भरपाइमा उल्लिखित सबै रकम पाएको भनी अदालतमा बकपत्र गरेको देखिदा निजको अनुसन्धानको कागज खण्डित भएको देखिई निजले भरपाइमा उल्लिखित रु.२३,०००।–नै बुझेको पुष्टि हुन आयो भनी आधार लिएको सम्वन्धमा हेर्दा अदालतको बकपत्रको स.ज ६ मा अनुसन्धानको क्रममा तयार भएको मुचुल्कामा भएको बेहोरा र सहिछाप मेरो हो भनी कागज गरेको समेत अवस्थालाई प्रमाण ऐन २०३१ को दफा १० र १८ बमोजिम प्रमाणमा लिनु पर्नेमा सोलाई अन्देखा गरी केवल प्रतिवादीलाई सफाई दिने नियतले उक्त बकपत्रको स.ज ७ र ८ मा खुलाएको व्यहोरालाई मात्र आधारलिई विगो कम कायम गरी भएको फैसला प्रमाण मुल्याङ्कनको रोहमा त्रुटिपूर्ण भई बदर भागी छ ।<br>• साजगोठेरी सामुदायिक वनले खर्च देखाएको मनकामना होटल एण्ड लजको नाउँको खाजा नास्ता वापतको रु.४३,०००।– बिल भरपाइमा भएको दस्तखत मेरो र परिवारको होइन भनी उक्त होटलका सञ्चालक लोकेन्द्रराज रानाले अनुसन्धानमा बयान गरेतापनि उक्त बिल आफ्नो होटलको होइन भनि निजले जिकिर लिन सकेको देखिदैन भनी आधार लिएको सम्वन्धमा हेर्दा निज लोकेन्द्रराज रानाले अनुसन्धानको क्रममा मिति २०७६।०४।१३ गतेमा मुचुल्का सहितको कागज गर्दा उक्त बिलको अभिलेख यस होटलमा छैन भनी उक्त बिल जारी नगरेको समेत व्यहोरा खुलाएकोलाई प्रमाण ऐन, २०३१ दफा १० वमोजिम प्रमाण लिन मिल्नेमा सो प्रमाणलाई अन्देखा गरी भएको फैसला त्रुटीपूर्ण छ ।<br>• मनकामना होटल एण्ड लजका सञ्चालक लोकेन्द्रराज राना, वन उपभोक्ता समुहका सहसचिव तेजबहादुर डाँगी, कोषाध्यक्ष धनबहादुर थापा र सदस्य देवीसरा जिसीले वन समूहका तर्फवाट कुनै रकम नपाएको र भरपाईमा भएको सहिछाप आफ्नो होइन भनी अनुसन्धानमा वयान गरेतापनि निजहरुले अदालतमा उपस्थित भई बकपत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | दावी पुग्न सक्दैन। | गरेको नदेखिदा निजहरुको अनुसन्धानको भनाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्राह्य हुने देखिएन भनी आधार लिएको सम्वन्धमा हेर्दा प्रस्तुत मुद्दामा नबुझि नहुने साक्षीहरुलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई विगो कायम गरी सजाय दिने नियतले नबुझि नहुने प्रमाणलाई नबुझिकन हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला त्रुटिपूर्ण भई बदर भागी छ ।<br>• (स.अ.बु, वर्ष १८, अंक १५, मंसीर २०६६, पूर्णांक ४१७, पृष्ठ १९) ( ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा केवल प्रतिवादीहरुले सजायवाट बच्न कसुरमा इन्कारी वयान गरेको आधारमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ । |
| २ | **प्रतिवादी गणेशदत्त ओझासमेत**<br>(वि.अ. को मु.नं. ०७८-CR-००७८, वि.अ. को फैसला मिति २०७९।१०।२६) | **राजश्व हिनामिना गरी भ्रष्टाचार गरेको।** | प्रतिवादीहरु पुजादेवी बुढा मगर, देवीदत्त उपाध्याय, नवीनपुन मगर, खरप्रसाद अधिकारी, छविलाल हौजाली मगर, टेकबहादुर बोगटी, टिकाराम भण्डारी, नन्दराम गिरी, राधिका दमाई, तारा शर्मा र विशालकुमार पहराई समेतले गाउँ कार्यपालिकाबाट मिनाहाको निर्णय गरी ठेकदारलाई मिनाहा गरेको रू.४७,९५,१९३।- र सो रकमको मूल्य अभिवृद्धि कर बापत रू. ६,२३,३७५।०९ गरी जम्मा रू.५४,१८,५६८।०९ (चौवन्नलाख अठारहजार पाँचसय अठ्सठ्ठी रूपैयाँ नौ पैसा) राजश्व हिनामिना गरी सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरेकोमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) र दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा ७ र दफा १७ बमोजिम बिगो रू. ५४,१८,५६८।०९ कायम गरी ऐ ऐनको दफा ३(१) र सोही ऐनको दफा ३(१)(ज) बमोजिम सजाय हुन तथा हानि नोक्सानी(चुहावट) भएको राजश्व | फैसलाःप्रतिवादीहरुलाई आरोपदावीवाट सफाई हुने ठहर्छ ।<br><br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br><br>क) मोहन्याल गाउँपालिका र न्यू वडिमालिका निर्माण सेवाबीच मिति २०७५/६/७ मा भएको सम्झौता बमोजिम राजश्व सङ्कलन गरी रकम हिनामिना गरेको वादी दावी नरहेको र सम्झौताबमोजिम रकम सङ्कलन हुन नसकेको भनी गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा गठित समितिको प्रतिवेदन समेतका आधारमा राजश्व सङ्कलन हुन नसकेको अनुपातमा राजश्व रू.४७,९५,१९३/- मिनाहा दिनेगरी मोहन्याल गाउँपालिकाबाट निर्णय भई गाउँ सभावाट समेत निर्णय भइरहेको अवस्थामा मोहन्याल गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ को नियम १४४ एवम् सम्झौताको बुँदा नं ६ समेतका आधारमा मिनाहाको निर्णय भएको देखिएको। प्रतिवादी न्यू वडिमालिकाले सम्झौताबमोजिम रकम वुझाएको देखिएको, मुख्य निर्णयकर्तालाई विपक्षी पनि नबनाएको र प्रतिवादीहरूले अनुचित लाभ | क) ठेक्का सम्झौताको शर्त नं.९ मा ठेकेदारले कर संकलन गर्दा १३% मुल्य अभिवृद्दि कर थपी कर संकलन गर्नुपर्नेछ । उक्त संकलन गरेको कर सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्ने छ भनी स्पष्ट व्यवस्था गरेको अवस्था छ । नेपालको संविधानको अनुसूचि-५ मा संघको अधिकार सूचिमा मूल्य अभिवृद्धि कर रहेको देखिन्छ, मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा मूल्य अभिवृद्धि नियमावली, २०५३ तथा संघीय आर्थिक ऐन, २०७५ को दफा १८ वमोजिम नेपाल सरकारले मात्र राजस्व छुट मिनाहा दिन सक्ने कानून व्यवस्था रहेको अवस्थामा प्रतिवादीहरुले आपसी मिलोमतोमा राजस्व रु.४७,९५,१९३।–मिनाहा गर्दा सो रकमको १३% मु.अ.कर हुन आउने रु.६,२३,३७५।–रकम समेत वदनियत राखी मिनाहा हुने निर्णय भएको देखिएकोमा सो मिनाहा गर्दा नेपाल सरकारको निर्णय/अनुमती लिएको नदेखिई राजस्व चुहावट गरेको पुष्टि भएको देखिन्छ ।साथै, तत्कालिन प्रदेश नं.७(हाल सुदुरपश्चिम प्रदेश) को आर्थिक ऐन, २०७५ को दफा ८(३) वमोजिम उक्त मिनाहा दिएको राजस्व रु.४७,९५,१९३।–को ४०% हुन आउन रकम रु.१९,१८,०७७।२० राजस्व रकम प्रदेश संचित कोषमा दाखिला गर्नु पर्ने कानूनी व्यवस्था रहेको देखिएकोमा प्रदेश सरकारको क्षेत्राधिकारको राजस्व रकमसमेत प्रतिवादीहरुको आपसि मिलमतोमा प्रदेश सरकारको निर्णय/सहमति वेगर वदनियतराखि ठेक्का सम्झौताको म्याद मिति २०७६ जेष्ठ मसान्तसम्म रहेको अवस्थामा म्याद नसकिदै नै मिति २०७५।१२।०१ गते नै स्थानीय सरकारवाट राजस्व रकम रु.४७,९५,१९३।– मिनाहा दिने निर्णय गरे गराएको अवस्था देखिएकोवाट राजश्व चुहावट भएको स्पष्ट देखिई प्रतिवादीहरुको आरोपदावी पुष्टि भई रहेको अवस्थामा मोहन्याल गाँउपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ को नियम १४४ वमोजिम मिनाहा दिएकोलाई कानून सम्मत नै रहेको भनी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला नेपालको संविधानको धारा १३३, अनुसूची-५,८,९, संघीय आर्थिक ऐन, २०७५ दफा १८, तत्कालिन प्रदेश नं.७ को |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रू. ५४,१८,५६८।०९ सोही ऐनको दफा ७ बमोजिम दोब्बर जरिवाना हुन र सोही ऐनको दफा १७ बमोजिम निजहरूबाट बिगो असुलउपर गरी मोहन्याल गाउँपालिकालाई भराई पाउन समेत मागदावी लिईएको।<br><br>न्यू वडीमालिका निर्माण सेवा र सोका प्रोप्राईटर मकरबहादुर शाहसमेतले पहिलो किस्ता बापतको कबोल अङ्क रू.७६,६६,६६६।- को ३४% ले हुने रू.२६,०६,६६६।४४ शर्तबमोजिम सम्झौताका बखत जम्मा नगरी सम्झौता गरेको, प्रमाणित राजश्व रसिद प्रयोग नगरी नदीजन्य पदार्थ सङ्कलन गरेको र मिनाहाको माग गरी गाउँ कार्यपालिकाबाट निर्णय समेत गराई मिनाहा गराएको रू.४७,९५,१९३।-, सो बापतको मुल्य अभिबृद्धि कर रू.६,२३,३७५।०९ र गाउँपालिकामा पहिलो किस्ता मानी ढिलो गरी बुझाएको रोयल्टी बापतको रू.२६,०६,६६६।- बापतको ब्याज रू.१९,९१५।०५ र गाउँपालिकाको खातामा बुझाएको रोयल्टी बापतको रकम रू. २८,७१,५००।-को आन्तरिक राजश्व कार्यालयमा बुझाउनुपर्ने मुल्य अभिबृद्धि करमध्ये रू. १२,४५,११९।-को १३% ले हुने नबुझाएको रू. १,६१,८६५।४७ गरी जम्मा रू. ५६,००,३४८।६१ यिनी प्रतिवादीहरूले गैरकानुनी लाभ पु-याउने वदनियतले गाउँपालिकासँग गरेको कबुलियत, सम्झौता, ठेक्काको शर्त पालन नगरी ठेक्का व्यवसाय सञ्चालन गरी | लिनुदिनु गरेको भन्ने वादी दावीसमेत नरहेको अवस्थामा प्रतिवादीहरूले वदनियतपूर्वक कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र १७ तथा प्रतिवादी न्यू वडिमालिका र मकरवहादुर शाहले ऐ दफा ८(४) वमोजिमको कसूर गरेको वादी दावी वस्तुनिष्ठ प्रमाणले पुष्टि हुन नसकेको।<br>ख) बदनियत पुष्टि हुन प्रतिवादीहरूले गैरकानूनी लाभ लिएको वा दिएको देखिनुपर्छ।प्रतिवादीहरूले वदनियत गरेको वादीले दावी समेत लिएको देखिदैन।प्रतिवादीहरूले दावीको राजश्व हिनामिना भई प्रयोगमा लगाएको वा मासी खाएको भन्ने वादी दावीसमेत गरेको देखिएन।प्रतिवादीहरूले आफूलाई गैरकानूनी लाभ लिएको के कसरी देखिने हो वादी दावीमा उल्लेख छैन।सो सम्बन्धमा प्रतिवादीहरूले के कति लिए खाएको हो? भन्ने वादी दावी छैन।राष्ट्रसेवक कर्मचारीले पदमा रही असल नियतले गरेको कार्यलाई अन्य ठोस प्रमाण आधारवाट बदनियत नदेखिएसम्म आरोप लगाउन मिल्ने हुँदैन।भ्रष्टाचारको रूप प्रमाणित हुन मनसाय तत्वको साथै वदनियतपूर्ण किसिमबाट कार्यकरण भएको भन्ने प्रष्टरूपमा देखिनुपर्ने हुन्छ।<br>ग) राजश्व मिनाहा गरेको एउटै विषयमा दफा ७ र दफा १७ को दावी समेत किन लिनु परेको हो वादी दावीमा खुलेको देखिँदैन।दफा ७ को प्रावधान आफैमा पूर्ण छ।अर्थात् राजश्व चुहावट गरी भ्रष्टाचार गरेको कसूर र त्यसउपर सजाय समेतको व्यवस्था छ।दफा ७ को कसूरमा दफा १७ बमोजिम सजाय गर्नुपर्छ भन्ने कानूनको मनसाय होइन।यी दुवै दफाहरू परस्परमा अन्तरसम्बन्धित र अन्तरनिर्भर पनि देखिँदैन।एउटै कार्यमा दुई प्रावधानबमोजिमको दावी दोहोरो खतराको सिद्धान्तले वर्जित गरेको | आर्थिक ऐन, २०७५ दफा ८, दफा १२, मुल्य अभिवृद्धि कर ऐन, २०५२, स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६२क (समेत), सार्वजनिक खरिद ऐन, २०६३ समेतको प्रतिकूल रही बदर भागी छ ।<br>ख) प्रस्तुत मुद्दामा मोहन्याल गाउँपालिका र न्यू वडीमालिका निर्माण सेवाबीच ०१/NCB/२०७५-७६ ठेक्का सम्बन्धमा जिल्ला समन्वय समिति कैलालीबाट सेतो, खण्टे, गोडे, सालघारी, पत्थरगढ, सुनपाल कान्द्रा, वोटा र साउडे खोलाको मिति २०७५/३/२५ मा स्वीकृत (IEE) वातावरणीय परीक्षण प्रतिवेदनमा ग्राभेलको दिगो उत्खनन् परिमाण ९९३२० घ.मि. भएकोमा तत्कालिन प्रदेश नं. ७ को आर्थिक ऐन, २०७५ अनुसार प्रति घ.मी. रू. ७५ ले हुने न्युनतम ठेक्का अङ्क रू. ७४,४९,०००।- कायम गरी मिति २०७५/४/२५ मा सूचना प्रकाशन गरेकोमा न्यु वडीमालिका निर्माण सेवा टिकापुर-९, कैलालीले एकमात्र बोलपत्र दर्ता गरेको पाइन्छ।बोलपत्र मूल्याङ्कन समितिले मूल्याङ्कन गरी मिति २०७५/५/२७ गते पेश गरेको प्रतिवेदनमा सिफारिस भएको रू. ७६,६६,६६६।- कबोल अङ्क राखी बोलपत्र दर्ता गर्ने न्यू वडीमालिका निर्माण सेवाको बोलपत्र मिति २०७५/५/२७ मा स्वीकृत भएको र बोलपत्र सूचनाबमोजिम कबोल अङ्क रू. ७६,६६,६६६ को पहिलो किस्ता वापतको ३४% ले हुने नगद जम्मा गरी बाँकी २ किस्ताको रकम बराबर कार्यसम्पादन बैङ्क जमानत (Bank Guarantee for Performance Security) सहित १४ दिनभित्र मोहन्याल गाउँपालिकामा उपस्थित हुन र समयावधिभित्र तोकिएको रकम तथा बैङ्क जमानत पेश गर्न नसकेमा बोलपत्र जमानत जफत गरिने व्यहोरासमेत उल्लेख गरी न्यू बडिमालिका निर्माण सेवालाई जानकारी गराईएको पाइन्छ।मिति २०७५/६/७ गते गाउँपालिका र न्यु वडीमालिका निर्माण सेवाबीच सम्झौता भई कार्यालयले तोकेको दरमा तोकिएको सामग्रीहरूमा कर सङ्कलन गर्ने गरी मिति २०७५/६/७ मै कार्यदिश दिएको देखिएकोले न्यू बडिमालिका निर्माण सेवा र मोहन्याल गाउँपालिकाबीच नदीजन्य पदार्थको (ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल र भरान माटो) आ.व. ०७५/०७६ मा राजश्व उठाउने ठेक्का सम्झौता भएकोमा अदालतसमेत सहमत रहेकै छ।भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७(क) को परिभाषाले राजश्व नउठाउने कार्यसमेत राजश्व चुहावट भएको साथै प्रस्तुत मुद्दामा प्रतिवादीहरूको बदनियत पुष्टि भएकैले मुद्दा दायर भएको हो।राजश्व उठाउनुपर्ने कर्तव्य भएको व्यक्तिले राजश्व नउठाउनु आफैमा राजश्व मास्नु सरह हुन जान्छ।सम्झौता बमोजिम राजश्व मिनाहा दिन नमिल्ने स्थितिमा पनि मिनाहा दिने तथा लिने कार्यमा यी प्रतिवादीहरू संलग्न रहेको देखिइरहेको अवस्थामा सबै प्रतिवादीहरूलाई सफाइ दिई गरिएको फैसला त्रुटिपूर्ण छ।मिनाहाको कार्य मोहन्याल गाउँपालिकाका तत्कालिन अध्यक्षको दवावमा भएको तथ्य देवीदत्त उपाध्याय र विशाल पहराइसमेतले अनुसन्धानको क्रममा बयान गरेबाट खुलेको छ।यसरी सामूहिकरूपमा गरिने निर्णयमा दबाबमामात्र कार्य गर्नुपर्ने भनेको बदनियतपूर्वक कार्य हुने स्थिति हो।सहजतापूर्वक हुने कार्यमा दबाब दिने अवस्था आउँदैन।तसर्थ यी प्रतिवादीहरूको प्रस्तुत वारदातमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सार्वजनिक सम्पत्ति हानि नोक्सानी पुर्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा न्यू वडीमालिका निर्माण सेवा र सोका प्रोप्राईटर मकरबहादुर शाहलाई रू. ५६,००,३४८।६१ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी विगो रू.५६,००,३४८।६१ समेत जफत हुन मागदाबी लिईएको।<br><br>साथै, स्वर्गीय नवलसिहं रावल समेतले गाउँ कार्यपालिकाबाट मिनाहाको निर्णय गरी ठेकदारलाई मिनाहा गरेको रू. ४७,९५,१९३।- (सतचालिस लाख पचानब्बे हजार एकसय त्रियानब्बे रूपैयाँ) र सो रकमको मुल्य अभिबृद्धि कर बापतको रू. ६,२३,३७५।०९ (छ लाख तेईस हजार तीन सय पचहत्तर रूपैयाँ नौ पैसा) गरी जम्मा रू. ५४,१८,५६८।०९ (चौवन्न लाख अठार हजार पाचँसय अठ्सट्ठी रूपैयाँ नौ पैसा) सार्वजनिक सम्पात्ति हानि नोक्सानी गरेकोमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) र दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा ७ तथा सोही ऐनको दफा ७ र दफा १७ ले उल्लेख गरेबमोजिम निजलाई ऐ ऐनको दफा ३ को उपदफा (१) र सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिमको सजाय हुनुपर्नेमा प्रचलित कानुनबमोजिम निजको हक खाने अंशियारबाट विगो रू. | देखिन्छ।वादी दावी आफैमा स्पष्ट र निश्चयात्मक हुनुपर्छ भन्ने कुरा हेक्का राख्नुपर्छ। | मिलेमतो रहेको स्पष्ट छ।<br>ग) मोहन्याल गाउँ कार्यपालिकाको कार्यालयको सूचना र बोलपत्रका शर्तहरूमा विभिन्न नदी/खोलाबाट नदीजन्य पदार्थ विक्री कर सङ्कलनसम्बन्धी ठेकदारले कबुल गरेको रू. ७६,६६,६६६।- रकममध्ये पहिलो किस्तामा ३४% सम्झौताका बखत नगदै, दोस्रो र तेस्रो किस्ता बापतको बैङ्क ग्यारेण्टी पेश गरी ३३% ले हुने रकम दोस्रो किस्ता पुस मसान्त र अर्को ३३% ले हुने तेस्रो किस्ता बापतको रकम चैत्र मसान्तसम्ममा बुझाउनुपर्ने उक्त रकम समयमा गाउँपालिकालाई नबुझाएमा पेश भएको बैङ्क ग्यारेण्टीबाट असुल गरिनेछ। कर सङ्कलन गर्ने रसिदहरू ठेकदारले आफ्नो तर्फबाट छपाई सो रसिदहरू कार्यालयको कार्यालय प्रमुख वा राजश्व हेर्ने अधिकृतबाट प्रमाणित गराईमात्र प्रयोग गर्नुपर्नेछ। नेपाल सरकार वा अदालतको आदेश वा फैसलाबाट मिनाहा दिने सम्बन्धमा कुनै निर्णय गरेको अवस्था वाहेक ठेकदारले ठेक्का सम्झौतापछि बुझाउनुपर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दावी गर्न पाउने छैन। कुनै प्रकारको छुट दिनुपर्ने अवस्था सृजना भएमा तथा कुनै प्राकृतिक कारणबाट काम बन्द गर्नु परेमा वा स्थगन गर्नु परेमा कार्यालयले लिखितरूपमा दोस्रो पक्षलाई सूचना दिई काम बन्द वा स्थगन गराउन सकिनेछ (यसमा कार्यालयले कुनै सूचना निर्माण सेवालाई दिएको छैन) र बाँकी अवधिको हुने किस्ता रकम निर्णय गराएपछि मात्र मिनाहा दिइनेछ तर उक्त कार्य गर्न गाउँपालिका बाध्य हुने छैन, ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल र भरान माटो झिक्नुपर्ने घाटगद्दी स्थलसम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकदारले आफैले गर्नुपर्नेछ। ठेकेदारले कर सङ्कलन गर्दा १३% मु.अ. कर थपी कर सङ्कलन गर्नुपर्ने उक्त सङ्कलित कर सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाउनुपर्ने र यसमा नपरेका विषयमा सार्वजनिक खरिद ऐन, २०६३, ऐ नियमावली, २०६४ प्रचलित कानून र यस कार्यालयबाट प्रकाशित सूचनाअनुसार हुनेछ भन्ने समेतका शर्तहरू राखी सूचना प्रकाशन गरेको स्पष्टरूपमा देखिन्छ।यति हुँदाहुँदै पनि गाउँपालिकाले बाँकी किस्ता रकम मिनाहा गरिदिनु आपसमा मिलेमतोको प्रमाण रहेको र बदनियतपूर्वक उक्त कार्य भएकोमा द्विविधामा रहनुपर्ने स्थिति देखिन्न।आपराधिक मनसाय(Mens Rea) को निर्क्योल अपराधिक कार्य(Actus Reus) वाट गरिन्छ भन्ने अपराधिक दायित्वको सामान्य र सर्वमान्य सिद्धान्त हो । सार्वजनिक जवाफदेहिताको पदमा वसेको मानिसले सार्वजनिक निकाय(गाँउपालिका)को राजश्व (उक्त राजश्वको १३% भ्याट नेपाल सरकारले पाउने, राजश्वको ४०% अंश प्रदेश सरकारको राजश्व हुने कानुनी व्यवस्था रहेको अवस्था) विना कानूनी आधार प्रमाण मिन्हा दिने निर्णय गरिन्छ भने त्यँहा वदनियत छ, मरमोलाहिज्जामा मिन्हा दिएको हो भन्ने सामान्य समझ भएको व्यक्ति(A Prudence Person) ले समेत सम्झन बुझ्न सक्ने अवस्थाको विषय हो ।<br>घ) मोहन्याल गाउँपालिकासँग ठेक्का सम्झौता गर्ने न्यू वडिमालिका निर्माण सेवाले २०७५ असोजमा विक्री रकम रू. ११,१३,१८१।- को मु.अ.कर रू. १,४४,७१४।- र २०७६ आषाढमा विक्री रकम रू. ५,१३,२००।- को मु.अ.कर रू. ६६,७१६।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ५४,१८,५६८।०९ (चौवन्नलाख अठाह्रहजार पाँचसय अठ्सठ्ठी रूपैयाँ नौ पैसा) असुलउपर हुनाका साथै हानि नोक्सानी भएको सार्वजनिक सम्पत्ति विगो रू. ५४,१८,५६८।०९ (चौवन्न लाख अठार हजार पाँचसय अठ्सठ्ठी रूपैयाँ नौ पैसा) समेत सोही ऐनको दफा १७ बमोजिम असुलउपर गर्ने प्रयोजनका लागि मात्र प्रतिवादी वनाईएको छ।<br><br>त्यसैगरी गणेशदत्त ओझालाई रू. ५६,००,३४८।६१ (छपन्न लाख तीन सय अठचालिस रूपैयाँ एकसठ्ठी पैसा) बिगो कायम गरी सोही ऐनको दफा ७ र दफा १७ ले निर्देश गरेबमोजिम निजलाई ऐ ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा १ को देहाय (ज) बमोजिमको सजाय हुन साथै हानि नोक्सानी भएको राजश्व रकम रू. ५६,००,३४८।६१ (छपन्नलाख तीनसय अठचालीच रूपैयाँ एकसठ्ठी पैसा) को सोही ऐनको दफा ७ बमोजिम दोब्बर जरिवाना र सोही ऐनको दफा १७ बमोजिम निजबाट असुलउपर गरी मोहन्याल गाउँपालिकालाई भराई पाउन समेतको मागदावी लिइएको छ। | | बुझाएको विवरण उल्लेख भएको आन्तरीक राजश्व कार्यालय कैलालीको मिति २०७७/५/२४ को पत्रबाट देखिएको र यसमा गाउँपालिकामा ठेकेदारले रोयल्टी बापत जम्मा गरेको रकम रू. २८,७१,५००।- देखिएबाट सो रकममध्ये रू. १२,४५,११९।- को VAT बापत हुने रू. १,६१,८६५।४७ पैसा ठेकदारले शर्तअनुसार आन्तरीक राजश्व कार्यालयमा बुझाएको कुनै कागजातबाट देखिदैन।<br>ङ) मोहन्याल गाउँपालिका र न्यू बडीमालिका निर्माण सेवाबीच सम्झौता भएको ठेक्काको सम्बन्धमा गाउँपालिकाले मिति २०७५/१२/१ मा गरेको निर्णयबाट ठेक्का कबोल रकम रू. ७६,६६,६६६।- मध्ये उक्त निर्माण सेवालाई मिनाहा दिएको रू. ४७,९५,१९३।- र मिनाहा दिने उक्त निर्णयसमेत कानुनसम्मत देखिदैन।सिध्दान्ततः कानून बनाउने तह प्रदेशसमेतको राजश्व अधिकारको विषयमा कानून कार्यान्यन गर्ने तहले कानून निर्माण गर्ने तहको जानकारी र सहमति विना पूर्व निर्धारित राजश्व मिनाहा गर्नु संविधानमा उल्लिखित समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तसँग मेल खाने नदेखिँदा सो गाउँपालिकाले उक्त राजश्व रकम मिनाहा गर्ने कानूनी आधार देखिँदैन।यसरी कागजात तयार गर्ने तथा सम्झौता गर्न सक्ने समेत देखिदैन भन्ने व्यहोराको सुदूरपश्चिम प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको २०७७/५/४ को पत्रबाट समेत गाउँपालिकाले गरेको मिनाहा दिने कार्य कानुनविपरीत रहेको छ।<br>च) गौरीगंगा नगरपालिकासमेत सँग सिमा विवाद कारण ढुङ्गा, वालुवा, गिट्टी र भरान माटो उठाउन नपाईएकोले विवाद समाधान गरी पाँउ भनी ठेकेदारले दिएको निवेदनलाई आधार मानि गाँउपालिकाबाट गाँउपालिकाका उपाध्यक्ष पुजादेबी बुढा मगरको संयोजकत्वमा स्थलगत अनुगमन समिति गठन गरी सिमा विवादको कारण काम पूर्णरुपमा प्रभावित भएको भन्नेसमेत व्यहोराको प्रतिवेदन उक्त समितिले दिए/दिन लगाईएको सम्वन्धमा गौरीगंगा नगरपालिकाले विवादवारे पत्रद्धारा बुझ्दा "यस नगरपालिका अन्तर्गतका नदीवाट उत्खनन् हुने नदी जन्य पदार्थ ढुङ्गा, गिट्टि, वालुवा र भरान माटो उत्खनन् गर्दा सिमा विवाद भई एक हप्ताका लागी केही ठाउँमा उत्खनन कार्य रोकिएको र माननीय मुख्यमन्त्रीज्यू, जिल्ला समन्वय समिति र स्थानिय जनप्रतिनिधिहरुको पहलमा विवाद समाधान भई उत्खनन कार्य पुनः सुचारु भएको" भन्ने व्यहोराको जानकारी च.न.८१२ मिति २०७७।०८।१२ गतेको पत्रवाट देखिएकोसमेतवाट राजस्व छुट दिने प्रयोजनको लागी पूर्व योजना वमोजिम नै उक्त स्थलगत अनुगमन समिति गठन गरी सिमा विवाद समाधान भई सकेको अवस्थामा समेत सिमा विवादको वहाना वनाई उत्खनन भई रहेको स्थानमा पूर्ण रुपमा उत्खनन प्रभावित भएको भनी प्रतिवेदन दिई सोही प्रतिवेदन समेतलाई आधार लिई मिन्हा दिने निर्णय प्रथम दृष्टिमा नै दुरासयपूर्ण भई आफैमा प्रतिवादीहरुको बदनियत पुष्टि भई रहेको अवस्थामा प्राप्त प्रमाणहरुको मुल्याङ्कन नगरी गैरकानूनी रुपमा कुल राजश्वको ६२.५४% राजश्व मिन्हा दिने गरी निर्णय हुँदासमेत वदनियत नदेखिएको, अनुचित लाभ लिएको दिएको नदेखिएको भन्ने आधार लिई भएको फैसलामा राज्यको सम्पत्तिको संरक्षण गर्ने दायित्व |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | राज्यमा सबै निकायको हो भन्ने सिद्धान्त(Principle of Parent Petriate) को विलकुल नजर अन्दाज गरिएको छ, न्यायीक मनको अभाव छ र प्रमाणहरुको समुचित मुल्याङ्कन समेत नगरी भएको प्रस्तुत फैसला त्रुटीपूर्ण छ ।<br>छ) ठेक्कामा अनियमितता भएको रकम सम्बन्धमा हेर्दा, अनुसन्धानबाट स्वीकृत ठेक्का रकम रू. ७६,६६,६६६।- को प्रथम किस्ता बापतको ३४% रकम रू. २६,०६,६६६।४४ सम्झौताका शर्तअनुसार सम्झौताका बखत नगदै बुझाउनु पर्नेमा ठेकदारले उक्त रकम नगद नबुझाई सम्झौता गरेको अवस्था छ।(ठेकदारले नगदै बुझाएको भनिएको रकम रू. २६,६६,६६६।- खातामा जम्मा गरेको देखिदैन । सम्झौता गर्दा कै अवस्थामा राख्नु पर्ने नगद धरौटी संझौता पश्चात विभिन्न मितिमा बुझाएको अवस्था छ।ठेकदारले पहिलो किस्ता मानी सो रकम बिभिन्न मितिमा ढिला गरी बुझाऐकोले सो बापत प्रचलित कानुनबमोजिम लाग्ने १०% (पहिलो किस्ता बापत बुझाउनुपर्ने जम्मा रू. २६,०६,६६६।- को १६ दिनको ब्याज रू. ११,४२६।४८, बाँकी रू. २६,०६,६६६-१७,५०,०००= ८,५६,६६६ को १८ दिनको रू. ४२६४।६५ पैसा र रू. ८,५६,६६६-३,२०,०००= ५,३६,६६६ को २९ दिनको रू. ४,२६३।९२ पैसा) ब्याज जम्मा रू. १९,९१५।०५ बुझाएको देखिदैन।<br>ज) उक्त ठेक्काको कार्यक्षेत्रमा विवाद रहेको सम्बन्धमा बिवाद समाधानको पहल नगरी ठेक्का रकम मिनाहाको लागि ठेकदारले निवेदन दिई लिई सम्झौता विपरीत हुने गरी शर्तबमोजिम दोस्रो किस्ता बुझाउने समयमा बुझाएको रकमलाई प्रथम किस्ता मानी दोस्रो किस्ता नबुझाउन निर्णय गरी गराई गाउँ कार्यपालिका र गाउँसभाको बैठकबाट ठेक्का रू. ७६,६६,६६६।- मध्ये रू. ४७,९५,१९३।- सम्झौताका शर्तबमोजिम प्रमाणित गरी लगेको रसिद बेगर ठेकेदारले राजश्व सङ्कलन गरेकोमा कारवाही गर्नुपर्नेमा सो समेत नगरी मिनाह दिने निर्णय गरी/गराई उक्त मिनाह रकमको १३% ले हुने मू.अ.क. बापतको रू. ६,२३,३७५।०९ सङ्घीय सरकारको राजश्व खातामा सम्झौताबमोजिम जम्मा गर्नुपर्ने रकम जम्मा नहुने गरी निर्णय गरेको अवस्था एकातिर छ भने अर्कोतर्फ ठेकेदारले रोयल्टी बापत रू. २८,७१,५००।– जम्मा गरेको देखिएकोमा सो रकम मध्येको रू.१२,४५,११९।- को VAT बापत हुने रू.१,६१,८६५।४७ आन्तरिक राजश्व कार्यालयमा बुझाएको अवस्था छैन ।त्यसैगरी दोस्रो र तेस्रो किस्ता बापतको बैङ्क ग्यारेण्टी (सेक्युरिटी बण्ड) रू. ५०,००,०००।- फुकुवा गरी/गराई सार्वजनिक खरिद ऐन तथा प्रचलित कानूनअनुसार ठेकदारले शर्त विपरीत काम गरेकोमा ठेक्का तोडी सेक्युरिटी बण्ड जफत गर्नुपर्नेमा सो नगरी ठेक्का नै नतोडी सेक्युरिट बण्ड फिर्ता दिनेलगायतका कार्यबाट उजुरी निवेदनमा उल्लिखित आपसी मिलेमतोमा भ्रष्टाचार भएको दावी पुष्टि हुने गरी आफूलाई फाइदा र नेपाल सरकारलाई हानी नोक्सानी पु-याउने वदनियत राखी भ्रष्टाचारजन्य कसुर पुष्टि भइरहेको पाइन्छ।भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानिमात्र पर्याप्त आधार होइन।अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो।प्रतिवादीको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ। साथै, प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था रहदैन। (मथुरा ढकाल वि.नेपाल सरकार, मुद्दा भ्रष्टाचार, ने.का.प २०७५, नि.नं. १०१४२) भनी सम्मानीत सर्वोच्च अदालतवाट नजिर सिद्धान्त प्रतिपादन भएको छ। यसरी फैसलामा प्रतिवादीहरूले दावीको राजश्व हिनामिना गरी प्रयोगमा लगाएको वा मासी खाएको भन्ने वादी दावीसमेत नगरेको; प्रतिवादीहरूले आफूलाई गैरकानूनी लाभ लिएको के कसरी देखिने हो वादी दावीमा उल्लेख छैन र सो सम्बन्धमा प्रतिवादीहरूले के कति लिए खाएको हो? भन्ने वादी दावी छैन भन्ने आधारमा गरिएको फैसला त्रुटिपूर्ण रहेको छ। सम्मानीत सर्वोच्च अदालतको नि.नं. १०१४२ अनुसार पनि आर्थिक लाभ हानिमात्रले भ्रष्टाचार हुने नहुने निक्यौंल गर्न नसकिने स्पष्ट उल्लेख भएको अवस्थामा अदालतले प्रतिवादीहरूलाई सफाइ दिइएको त्रुटिपूर्ण छ।<br>झ) फैसलाको प्रकरण नं.४७ मा प्रतिवादीहरुलाई आरोपदावीवाट सफाई दिने गरी फैसला गर्दा मुख्य निर्णयकर्तालाई विपक्षी पनि नबनाएको भनी आधार लिएको सम्वन्धमा हेर्दा फैसलामा मुख्य निर्णयकर्ता भनी उल्लेख गरेको व्यक्ती/संस्था के को हो भनी एकिन गरेको अवस्था छैन। अभियोजन गर्दा प्रस्तुत मुद्दाको वोलपत्र आव्हान देखि राजश्व छुट मिन्हा दिने अन्तिम निर्णयकर्ता सम्मलाई प्रतिवादी वनाई आरोपपत्र दायर गरेको अवस्था देखिदा समेत सोलाई अन्देखा गरी अनुमानको आधारमा अमुख मुख्य निर्णयकर्तालाई विपक्षी पनि नबनाएको भन्ने आधार लिई प्रतिवादिहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण छ ।<br>ञ) दोहोरो खतराको सिद्धान्तले मूलतः एउटै व्यक्तिका विरूद्धमा उही कसुरमा पहिले नै कारवाही भई सजाय पाइसकेको वा सफाइ पाइसकेको अवस्थामा उक्त कसुरमा दुईपटक मुद्दा चलाउन र सजाय गराउन रोक्छ। दोहोरो खतराको सिद्धान्त यस आधारमा पूर्व निर्णयसँग सम्बन्धित देखिन्छ। दोहोरो खतराको सिद्धान्त आकर्षित हुन मुख्यरूपमा सक्षम निकायबाट निर्णय भएको हुनुपर्ने, निर्णय अन्तिम भएको हुनुपर्ने र त्यस्तो निर्णय स्वच्छ सुनुवाई गरी अन्तिमसमेत भएको हुनुपर्ने हुन्छ। मुद्दाका आ-आफ्नै विशिष्टता हुन्छन्। दण्डहीनताले प्रश्रय नपाओस्, अपराधी सजायको दायरामा आउन सकोस् र कुनै पनि व्यक्ति विनाकारण दुईपटक खतरामा नपरोस् भन्ने सम्बन्धमा न्यायकर्ता सदैव सचेत रहनु पर्दछ। मुद्दाको समग्र तथ्यको विश्लेषण गर्दा कसैले कानूनद्वारा निषिद्ध आपराधिक कार्य गरेको अवस्थामा त्यस्तो कार्यलाई अलगअलग कानूनले अलगअलग अपराध मान्दछ भने त्यसलाई एउटै कसुर मानेर एउटा मात्र कानूनअन्तर्गत कारवाही गर्नुपर्ने भनी आपराधिक क्रियालाई सीमित तुल्याउन नमिल्ने। (नि नं ९६३०)। त्यसैगरी दुई छुट्टाछुट्टै कानूनद्वारा परिभाषित अपराधअन्तर्गत पर्ने कसूरका हकमा ती छुट्टछुट्टै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कानूनद्वारा तोकिएबमोजिम मुद्दा परिचालित हुने अवस्था भएमा दोहोरो खतराको सिद्धान्त लागू नहुने (महेश चापागाँई वि.नेपाल सरकार, मुद्दा भ्रष्टाचार, ने.का.प २०६९, नि नं ८८७४)भनी सम्मानीत सर्वोच्च अदालतवाट नजिर सिद्धान्त प्रतिपादन भएको छ।प्रस्तुत मुद्दाको फैसलाको प्रकरण ४६ मा व्याख्या गरिएजसरी दफा ७ र १७ उल्लेख गरिनुले दोहोरो खतराको सिद्धान्त आकर्षित हुने अवस्था रहेको छैन। मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ मा एउटा वारदातमा एक भन्दा वढी कसुर हुन सक्ने र एक भन्दा वढी कसुरमा अभियोग दावी लिन सकिने स्पष्ट कानूनी व्यवस्था गरेको छ । त्यस्तै फौजदारी कसुर(सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ११ को उपदफा (३) ले कुनै एक कार्य वापत विभिन्न ऐन अन्तरगतको छुट्टाछुट्टै कसुर हुन सक्ने अवस्थामा सजाय निर्धारण गर्दा प्रत्येक कसुरवापत छुट्टाछुट्टै सजाय तोक्नुपर्ने तर सजाय कार्यान्वयन गर्दा जुन ऐन अन्तर्गत वढी सजाय हुन्छ, सोही ऐन वमोजिम सजाय कार्यान्वयन हुने समेतको स्पष्ट व्यवस्था रहेकोमा प्रस्तुत फैसलामा उल्लेख भएको दोहोरो खतराको सिद्धान्तको व्याख्या आफैमा त्रुटीपूर्ण र एक पक्षीय देखिन्छ।<br>ट) न्यु वडीमालिका निर्माण सेवालाई गाउँपालिकाले मिनाहा गरेको रू. ४७,९५,१९३।-, सोको मू.अ.क.बापतको रू. ६,२३,३७५।०९, ठेकदारले गाउँपालिकामा बुझाएको रोयल्टी बापतको रू. २८,७१,५००।- मध्ये ठेकदारले आन्तरिक राजश्व कार्यालयलाई बुझाउनु पर्ने मू.अ.क. रकममा नबुझाएको मू.अ.क. रू. १,६१,८६५।४७ र पहिलो किस्ता मानी ढिलो गरी बुझाएको रकम रू. २६,०६,६६६।- को ब्याज रू. १९,९१५।०५ गरी जम्मा रू. ५६,००,३४८।६१ राजश्व हिनामिना भई सार्वजनिक सम्पत्ति हानि नोक्सानी भएको देखिएबाट मोहन्याल गाउँपालिकाको सो कार्यमा संलग्न पदाधिकारीहरू नवलसिंह रावल, पुजादेवी बुढामगर, देवीदत्त उपाध्याय, नविन पुनमगर, खरप्रसाद अधिकारी, छविलाल हौजाली मगर, नन्दराम गिरी, विशालकुमार पहराई, टेकबहादुर बोगटी, टिकाराम भण्डारी, राधिका दमाई, तारा शर्मा र गणेशदत्त ओझासमेतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) र दफा १७ तथा न्यू वडीमालिका निर्माण सेवा र ठेकदार (सो निर्माण सेवाका प्रोप्राईटर) मकरबहादुर शाहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम कसुर गरेको सप्रमाण पुष्टि भइरहेको छ।मनसाय तत्त्व आपराधिक कार्यबाट नै खोजिने र हेरिने विषय हो; त्यसैले यो सधैं मुखरित अवस्थामा नहुन पनि सक्छ।कार्यको प्रकृति, सम्भावित परिणाम र सो परिणाम ल्याउन अभियुक्तले चालेको कदमहरूको समग्रतामा नै मनसाय तत्त्वको खोजी गर्नुपर्ने।अभियुक्तले आफ्नो कार्यको सम्भावित परिणाम यस्तो हुन सक्छ भन्ने जानकारी वा ज्ञान राखेको थियो वा थिएन; कार्यलाई हेरी यस्तो कार्यबाट यस्तो परिणाम निस्कन्छ भनी सामान्य समझको व्यक्तिले पनि भन्न सक्ने अवस्था असुक वारदातमा थियो वा थिएन भन्ने यकिन गर्नुपर्ने।(वादी नेपाल सरकार वि. हरिप्रसाद ढकाल, मुद्दा भ्रष्टाचार, ने.का.प २०७८, नि.नं १०७४८ )।प्रचलित कानुन, कार्यालयले गरेको सम्झौता विपरीत आपसमा मिलेमतो गरी राजश्व मिनाहा दिनु नै भ्रष्टाचार गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बदनियत रहेको पुष्टि भइरहेको अवस्थामा प्रतिवादीहरूलाई सफाइ दिनु त्रुटिपूर्ण रहेको छ।<br>ठ) उल्लेखीत व्यवस्था अनुसार नदीको प्राकृतिक स्रोत नदीजन्य पदार्थको(ढुंगा, गिट्टी, बालुवा ग्राभेल तथा माटो) रोयल्टी उठाइएको रकममा संघ र प्रदेश सरकारमा रोयल्टी बाँडफाँड हुने तथा मूल्य अभिवृद्धि कर संघीय सञ्चित कोषमा जम्मा हुने देखिन्छ।यसरी प्रदेश तथा संघीय सरकारको राजस्व रकम निर्धारण भइसकेपछि प्रदेश सरकार तथा संघीय सरकारको राजस्वलाई असर पार्ने गरी स्थानीय तहले राजस्व छुट दिन सक्ने अवस्था नदेखिदा मोहन्याल गाउपालिकाबाट भएको श्री भवानी कन्स्ट्रक्शन प्रा.ली.बाट सम्झौताबमोजिम तिर्नुपर्ने रकममा दिइएको छुट/मिनाहालाई कानून सम्मत मान्न सकिने देखिदैन ।<br>ड) प्रस्तुत मुद्दामा मोहन्याल गाउपालिकाले आफ्नो क्षेत्र अन्तर्गतको नदीजन्य पदार्थको विक्रिकर सम्वन्धी सूचना प्रकाशन गरी रु.७४,४९,०००।– ठेक्का रकम कायम गरी बोलपत्र आव्हान भएकोमा न्यूवडिमालिका निर्माण सेवा टिकारपुर कैलालीको एक थान मात्र वोलपत्र दर्ता भई कवोल गरेको रु.७६,६६,६६६।– रकममा ठेक्का सम्झौता भएको देखिन्छ ।बोलपत्रको शर्त नं.५ मा ठेकेदारले कबुल गरेको अंकको रकम मध्ये पहिलो किस्तामा ३४% सम्झौताका बखत नगदै, दोस्रो र तेस्रो किस्ता बापतको बैङ्क ग्यारेण्टि पशे गरी ३३% ले हुन आउने रकम दोस्रो किस्ता पुस मसान्त र अर्को ३३% ले हुन आउने तेस्रो किस्ता रकम चैत्र मसान्त सम्म बुझाउनु पर्ने छ भनी स्पष्ट व्यवस्था भएकोमा ठेकेदार न्यू बडीमालिका निर्माण तथा सोका संचालकसँगको मिलेमतोमा अन्य प्रतिवादीहरुले ठेकेदारलाई मिन्हा दिई गाँउपालिकाको राजश्व चुहावट गर्ने, मिन्हा दिने भन्ने पूर्व सोच/योजना अनुरुप नै ठेकेदारवाट सम्झौताको बखत पहिलो किस्ता वापत प्राप्त गर्नु पर्ने ३४% ले रु.२६,६६,६६६।– नगद प्राप्त गरेको देखिदैन भने बैङ्क ग्यारेण्टि रु.५०,६०,०००।– को पेश गर्नु पर्नेमा घटि पेश गरेको देखिएकोवाट सम्झौताको चरणवाट नै प्रतिवादीहरुको आपसी मिलोमतो तथा योजनामा नै राजस्व चुहावट हानिनोक्सानीको कसुर जन्यकार्य भएको देखिन्छ । बोलपत्रको शर्त नं.१० मा नेपाल सरकार वा अदालतको आदेश वा फैसलाबाट मिनाहा दिने सम्बन्धमा कुनै निर्णय गरेको अवस्था बाहेक ठेकेदारले ठेक्का सम्झौता पछी कूनै मिनाहाको लागी दावी गर्न पाईने छैन भनी स्पष्ट व्यवस्था भएको अवस्थामा बोलपत्रको शर्त भन्दा फरक पारी सम्झौताको शर्तमा कुनै प्रकारको छुट दिन पर्ने अवस्थाको सृजना भएको अवस्थामा पनि गा.पा. को निर्णयबाट मात्र रकम मिनाहा गरिने छ भनी शर्तमा बोलपत्रको शर्तलाई गोलमोटोल तरिकाले ठेकेदारको हितमा हुने गरी सम्झौताको शर्तमा राखेको वाट सम्झौता गर्दाको अवस्थामा नै प्रतिवादीहरुको आपसी मिलोमतोमा नै आरोपदावी वमोजिम कसुर गरेको पुष्टि भएको अवस्था छ । |